**जनहितमा जारी**

अग्रपङ्क्तिमा काम गर्ने सफाइकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीलाई सहयोग गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com

भ्रष्टाचारीलाई तिरस्कार र इमानदारीलाई पुरस्कार संस्कृतिको विकास गरौं । घूस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

❖ वर्ष ३४ ❖ २०७७ माघ २७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 09 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६५

## संसद् विघटनले देशमा सङ्कट –उपसभापति निधि

प्रस, वीरगंज, २६ माघ/

नेपाली काङ्ग्रेसका उपसभापति विमलेन्द्र निधिले संसद् विघटन गरेर काङ्ग्रेसलाई मान्य हुने बताए । उनले विधाराधीन मुद्दाको विषयमा अदालतलाई प्रभाव पार्ने काम कसैबाट हुन नहुने बताए । देखिने गरेको बताइन् । उनले सबैलाई एकताबद्ध भई अगाडि बढ्न आह्वान गरिन् ।



तस्वीरः प्रतीक

देशमा सङ्कट ल्याउने काम भएको आरोप लगाएका छन् ।

नेपाल प्रेस युनियन पर्साले आयोजना गरेको पत्रकार सम्मेलनमा उपसभापति निधिले संसद् विघटन असंवैधानिक र अलोकतान्त्रिक भएको बताउँदै काङ्ग्रेसको मुख्य एजेन्डा संसद् पुनर्स्थापना गर्नु हो भनी बताए । उनले संसद् विघटनविरुद्धको मुद्दा सर्वोच्चमा विचाराधीन भएकोले अदालतको फैसला उनले प्रधानमन्त्री ओलीको कदमले जनमतको अपमान भएको आरोप लगाए ।

कोषाध्यक्ष चित्रलेखा यादवले पनि प्रधानमन्त्री ओलीको कदमको विरोध गरिन् । उनले संविधानविपरीत काम भएकोले पार्टीले संसद् पुनर्स्थापनालाई अगाडि सारेको बताइन् । कोषाध्यक्ष यादवले मधेसमा नेका बलियो भएको तर आपसी फुटले निर्वाचनमा कमजोर

प्रेस युनियन पर्साका उपाध्यक्ष विजय चौहानको अध्यक्षतामा भएको कार्यक्रममा नेका पर्साका सभापति अजयकुमार द्विवेदी, केन्द्रीय सदस्यद्वय फर्मुला मन्सुर, अजयकुमार चौरसिया, पूर्वमन्त्री सुरेन्द्रकुमार चौधरी, संविधानसभा सदस्यत्रय अनिल रूँगटा, राजेन्द्रबहादुर अमात्य, रामेश्वर रौनियार, प्रदेशसभा सदस्यद्वय ओमप्रकाश शर्मा, राजेश्वर साह तेलीलगायतको सहभागिता थियो ।

## औद्योगिक क्षेत्रमा भाडा नतिर्ने उद्योगमाथि कारवाई शुरू

प्रस, सप्तरी, २६ माघ/

सप्तरीस्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा लामो समयसम्म भाडा नबुझाउने उद्योगहरूको सामान जफत गरी असुली प्रक्रिया शुरू गरिएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय राजविराजले लामो समयसम्म भाडाबापतको रकम नबुझाउने उद्योगको सामान जफत गरेको हो ।




उद्योग सञ्चालनका लागि औद्योगिक क्षेत्रभित्र सेड भाडामा लिएर लामो समयदेखि केही उद्योग सञ्चालन नगरेको र भाडाबापतको रकमसमेत नतिरेपछि उक्त उद्योगहरूमाथि कारबाई थालिएको हो । यसरी कारबाईमा पर्ने उद्योगहरूमा कृष्णा खाद्य उद्योग र पद्मा ज्योति प्लास्टिक उद्योग रहेको औद्योगिक क्षेत्र व्यवस्थापन समितिले जनाएको छ । उक्त दुवै उद्योगका सामान जफत गरी भाडाबापतको रकम असुल्ने प्रक्रिया शुरू गरिएको हो ।

वर्षौंदेखि उद्योगको नाममा सेड भाडामा लिएर उद्योग सञ्चालन नगरी कब्जामा राख्ने र भाडासमेत नबुझाउने प्रवृत्ति बढेपछि कारबाही गरी सेड खाली गराइएको तथा सामानसमेत लीलाम गर्ने




तस्वीरः फाइल

प्रक्रिया अघि बढाइएको औद्योगिक क्षेत्रका प्रमुख दीपक आचार्यले सोमवार सञ्चारकर्मीलाई जानकारी दिए । खाली गराइएका सेडमा नयाँ उद्योग सञ्चालनका लागि प्रक्रियासमेत शुरू गरिसकेको अध्यक्ष आचार्यले बताए ।

बन्द रहेका उद्योगको ताला फुटाउनका लागि सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, रूपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव, वडाध्यक्ष जगदीश दास, घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधि नेत्र बाँस्तोला, सघन शहरी विकास आयोजना राजविराजका इन्जिनीयर ब्रह्मदेव चौधरी साथै सञ्चारकर्मीहरूको उपस्थितिमा बन्द उद्योगको ताला फुटाएर सामान जफत गरिएको हो ।

बन्द उद्योगबाट करीब ४०-४५ लाख रुपैयाँ भाडा लिन बाँकी रहेको औद्योगिक क्षेत्र प्रमुख आचार्यले जानकारी दिए । सोमध्ये कृष्णा खाद्य उद्योगबाट करीब रु ११ लाख ७० हजार र पद्मा ज्योति प्लास्टिक उद्योगबाट रु आठ लाख ८० हजार भाडाबापतको रकम उठाउन बाँकी रहेको प्रमुख आचार्यले जानकारी दिए ।

भाडा नबुझाएका उक्त उद्योगहरू बन्द अवस्थामा रहेको र बक्यौता रकम

(बाँकी अन्तिम पातामा)

## छोरी बीमा कार्यक्रम बन्द

प्रस, वीरगंज, २६ माघ/

प्रदेश नं २ सरकारले अघि सारेको 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रम अन्तर्गत छोरी बीमा योजना बन्द भएको समाचार छ ।

यो कार्यक्रमका लागि बैंकसँग भएको सम्झौता अवधि समाप्त भएको र नयाँ सम्झौता नगरिएकोले तत्कालका लागि यो कार्यक्रम रोकिएको हो । गत माघ महीनामा प्रदेश सरकारले छोरी बीमा कार्यक्रम अगाडि बढाएको थियो र अहिलेसम्म दुई चरणमा ७ हजार १ सय २९ जना छोरीको बीमा गरिसकिएको छ । बीमा गरिएका छोरीहरूले २० वर्षमा जनही तीन लाख रुपैयाँ भुक्तानी पाउनेछन् ।

बैंकसँग नयाँ सम्झौता नभएको अवस्थामा यो कार्यक्रम बन्द भएको र गत कात्तिकदेखि जन्मेका छोरीहरूको बीमा कार्यक्रम रोकिएको हो । यसैगरी, यही अभियान अन्तर्गत गत साउन महीनादेखि दर्ता भएका छोरीहरूको बीमाबापतको रकम खाता खोलेर बैंक दाखिला पनि गरिएको छैन । यसअघि प्रदेश सरकारले बीमाका लागि दर्ता भएका छोरीहरूको खातामा सोझै रकम दाखिला गर्दै आएको थियो ।



मानिसलाई चिन्न र सम्बन्ध बलियो बनाउन समय त लाग्छ नै ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## नबुझिएको कुरा

**देशमा जबजब राजनीतिक अस्थिरता उत्पन्न हुन्छ, सत्ता जोगाउने खेल चरममा पुग्छ । सत्ताका लागि दलीय चरित्र, समूहगत मान्यता, राजनीतिक सिद्धान्त सबैलाई तिलाञ्जलि दिइन्छ । राजनीतिक तरलताको अवस्था आउने सुइँको पाउनेबित्तिकै देशमा चारैतिर ऐंजेरू पलाउन थाल्छ । कतिसम्म भने स्थायी सरकार भनिने निकाय पनि किंकर्तव्यविमूढ बन्न पुग्छ । जबकि यस्तो बेला स्थायी सरकार भनिने कर्मचारीतन्त्र बढी तदारुक, सजग र सतर्क हुनुपर्ने हो । धेरै देश, जहाँ कुनै समय तीनतीन महीनामा सरकार परिवर्तन हुन्थ्यो, त्यहाँको कर्मचारीतन्त्र कहिले पनि दिग्भमित हुँदैनथ्यो । जापानको कुरा गरौं, इजरायलको वा प्रजातन्त्रको जननी बेलायतकै कुरा गरौं । सत्ता धर्मराएको बेला कर्मचारीतन्त्र झन् सजग र सतर्क हुन्थ्यो । पत्तै चल्दैनथ्यो ती मुलुकमा राजनीतिक घम्साघम्सी छ, सत्ता फितलो छ । जतिसुकै राजनीतिक अस्थिरता किन नहोस्, कर्मचारीतन्त्रले सुशासन किञ्चित तलमाथि हुन दिंदैनथ्यो । सत्ता वा सरकार बन्ने–बिग्रने, दलहरूको सत्ता प्राप्त गर्ने, निर्वाचन वा अविश्वास, राजनीतिक गठजोड वा सत्ता समीकरण जति हुन्थे नागरिक जीवन नखलबलिनेगरी हुन्थे ।**

**नेपालमा सत्ताका लागि सङ्घर्ष चलिरहेको बेला, अर्को निर्मलाकाण्ड हुन पुगेको छ । बितेको हप्ता बैतडी जिल्लामा १२ कक्षामा अध्ययनरत १७ वर्षीय किशोरी भागरथी भट्टको बलात्कारपछि हत्या भएको छ । यस्ता घटना कर्मचारीतन्त्रको जिम्मेवारीप्रति उदासीनताले हुने गर्दछ । हुनत नेपालमा सत्ता सङ्घर्ष चलिरहेको बेला मात्र होइन, सहकालमा पनि यस्ता निर्मम घटना भएका छन् । निर्मला पन्तको बलात्कार र हत्या देशको इतिहासमैं सबल र बहुमतप्राप्त सरकारले शासन गरिरहेको बेला भएको थियो । आजसम्म पीडितले न्याय पाउन सकेको छैन भने दोषी पत्ता लगाउन प्रहरी असफल साबित भएको छ । सरकार र कर्मचारीको यसमा प्रत्यक्ष दोष देखिन्छ भने नागरिक समाज पनि कम दोषी छैन । सबैलाई राजनीतिकै चासो छ । नागरिक समाजलाई सत्ता–सङ्घर्षमा निष्पक्षताको खाँचो छैन, जसरी पनि आफू पक्षीय वा बेलामा काम लाग्ने पक्षको विजय होस् भन्ने चाहना हुन्छ । दुई पक्षको विवादमा कुनै पनि पक्ष चोखो हुँदैन । तर नागरिक समाज यस्तो बेला कसको पक्ष लिंदा परोक्ष लाभ र प्रत्यक्ष प्रशंसाको भागी हुइन्छ, त्यसको खोजीमा लाग्दछ । र हाम्रो मानसिकता नै बनेको छ–आलोचनाभन्दा ठूलो प्रशंसनीय काम केही होइन । जति सक्षम, शक्तिशालीको विरोध गरिन्छ, प्रशंसा त्यति बढी पाइन्छ ।**

**राजा महेन्द्रले भनेका थिए–बहुदलीय व्यवस्था नेपालमा फाप्दैन । यो कुरा उनले २०१७ सालमा बहुमत प्राप्त नेपाली काङ्ग्रेसको सरकार अपदस्थ गर्दा भनेका थिए । त्यसैले उनको भनाइ आफ्नो कदमको सफाइको क्रममा भनिएको मान्न सकिन्छ । तर अहिले कोही राजा छैन, सर्वशक्तिमान कोही छैन । तर पनि बहुदलको राँको उठिरहेको, एउटै दलको बहुमत भएको बेला नै नेपालमा किन राजनीतिक अस्थिरता उत्पन्न हुन्छ ? कुन शक्तिले यस्तो वितण्डा खडा गरिदिने गर्दछ ? यसको खोजखबर न राजनीतिक दलहरूले गरेका हुन्छन्, न नागरिक समाजले, न देश र नागरिकलाई आफ्नो बुद्धिकौशलले कायल बनाएको आत्मरतिमा मग्न बुद्धिजीवीहरूले नै ।**

## वीरगंज कोरिडोरको अबको समस्या

# न्यून पूँजीगत खर्च, महँगो बिजुली, जनशक्ति अभाव र बन्द सीमा

राधेश्याम पटेल/

कोरोना महामारीको कारण चौपट बनेको वीरगंज कोरिडोरका उद्योगहरूले केही महीनायतादेखि पूर्ण गति समात्न थालेका छन् । दशैं–तिहारपछि करीब ५० प्रतिशत क्षमतामा सञ्चालन भइरहेका उद्योगहरूले अहिले पनि कोरोनाको असरबाट पूर्ण मुक्ति हासिल गर्न सकेका छैनन् । बजारमा पैसाको अभाव र आम उपभोक्ताको क्रयशक्तिमा आएको ह्रासका कारण उत्पादित सामानको माग न्यून हुँदा उद्योगले ८० प्रतिशत मात्र उत्पादन गरिरहेका छन् ।


गोपाल केडिया


जगदीश अग्रवाल


डा. दीपक शाक्य


सुरेश रूँगटा


माधव राजपाल


हरि पन्त


प्रदीप केडिया




वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडियाले कोरोना महामारीको असर उद्योग–व्यवसायमा लामो समयसम्म रहने बताएका छन् । उनले भने– “वीरगंज कोरिडोरमा करीब ७ सय ठूला उद्योग छन् भने करीब ३ हजारको हाराहारीमा साना–ठूला उद्योग छन्, सबैमा कोभिडको ९ महीनाको बन्दाबन्दीले नराम्रो असर पारेको छ, चाहेर पनि पहिलेको लयमा फर्कन सकिरहेका छैनन्, अझै तीन महीना लाग्नेछ ।”

कोरोनाबाट प्रभावित उद्योगहरूमा बढी फलाम, सिमेन्ट उद्योग तथा पर्यटन व्यवसाय रहेको वीरगंजका अर्का उद्योगी तथा निम्बस समूहका अध्यक्ष जगदीश अग्रवाल बताउँछन् । उनका अनुसार कोरोना प्रभावित उद्योगी–व्यवसायीलाई सहुलियत दरमा पुनर्कर्जा उपलब्ध गराउने राष्ट्र बैंकको नीति समयसापेक्ष छ । उनले राष्ट्र बैंकका नयाँ गभर्नरको प्रशंसा गर्दै हाल बैंकहरूले लिने ब्याजदर सिङ्गल डिजिटमा झर्नुले थला परेको उद्योगी–व्यवसायीलाई हौसला मिलेको बताए । “महामारीले सप्लाइलाइन चेनक्रम भङ्ग भएकोले, पहिलेको अवस्थामा उद्योग–व्यापारले गति लिन तीन महीना लाग्नेछ । त्यसपछि मात्र सबै उद्योग शतप्रतिशत उत्पादनमा चल्नेछन् । कोभिडमा राष्ट्र बैंकले कोष खडा गऱ्यो, पहिले ब्याजदर १२–१३ प्रतिशत थियो, अहिले ८–९ प्रतिशतमा झरेको छ, हामीलाई राहत मिलेको छ” –उनले स्पष्ट पार्दै भने । यसले बजारमा तरलता ल्याएको र उद्योगीको आर्थिक भार कम गरेको छ भने उत्पादन लागतमा पनि कमी आउने उनले जिकिर गरे ।

वीरगंजका अर्का उद्योगी अनिल रूँगटाका अनुसार अबको वीरगंज कोरिडोरको मुख्य समस्या सरकारले पूँजीगत खर्च बढाउन नसक्नु हो । उनका अनुसार देशमा पूँजीगत खर्च एकदमै थोरै भएकोले विकास, निर्माण तथा ठूला पूर्वाधार विकास योजनाका काम सुस्त गतिमा अघि बढेको छ । जसको कारण स्वदेशी उद्योगले उत्पादित सामान, उचित मूल्य नपाएर, गोदाममा थन्किएको अवस्था छ । “सरकारले राष्ट्रिय बहुप्रतीक्षित योजनामा पूँजीगत खर्च बढाएर बजारमा थप आर्थिक तरलता ल्याउनुपर्छ” –जगदम्बा इन्टरप्राइजेजका निर्देशकसमेत रहेका रूँगटाले भने– “जबसम्म पूँजीगत खर्च बढ्दैन, स्वदेशी निर्माण सामग्रीले यथेष्ट बजार पाउँदैन ।”

वीरगंजका उद्योगी तथा नागरिक समाजका अगुवा डा दीपक शाक्यले राज्यले रोजगार सृजना नगर्दा सर्वसाधारणको क्रयशक्ति घटेको धारणा राखे । उनले कोभिडको कारण पछिल्लो ११ महीनामा करीब ६० लाख युवा बेरोजगारी भएर बसेकाले पनि आम जनताको क्रयशक्ति अर्थात् आम्दानी न्यून रहेको र दैनिक उपभोग्यदेखि भौतिक निर्माणको काममा पनि शिथिलता आएको बताए ।

वीरगंज उद्योग वणिज्य सङ्घका सदस्य तथा खाद्यान्न उद्योग ओम चाओ बिरो इन्डस्ट्रिज प्रालिका सञ्चालक सुरेश रूँगटाले अहिलेको मुख्य समस्या नेपाल–भारत सीमा बन्दले दक्ष जनशक्ति भारतबाट फिर्ता आउन नसक्नु र नेपाली उद्योगलाई चाहिने दक्ष जनशक्ति नेपालमा उत्पादन गर्न सरकार उदासीन देखिनु हो भन्ने खुलासा गरे । “नेपाली उद्योगमा पहिलेदेखि भारतीय दक्ष जनशक्तिले काम गर्दै आएको छ, सरकारले न दक्ष जनशक्ति उत्पादन गर्न सक्छ, न त्यसका लागि वातावरण बनाउँछ” –उनले भने– “ठूला सिमेन्ट, फलाम, खाद्यान्न र इँटा उद्योगमा अहिले पनि भारतीय मजदूरलाई कुर्नुपर्ने अवस्था छ ।”

वीरगंजका व्यवसायी माधव राजपालले कोरोनामा महँगो बिजुलीको कारण पनि उत्पादन लागत बढ्दै गएको बताए । उनले नेपालले दर्जनौं हाइड्रोपावर निर्माण गर्ने अनुमति दिएको छ, तर कुनै पनि निर्धारित गतिमा अघि बढेको छैन । १० वर्षमा नेपालले १४ सय मेगावाट बिजुली खपत गरिरहेको छ । जसमा भारतबाट ५ सय मेगावाट ल्याइरहेको छ भने बाँकी ९ सय मेगावाट नेपालको हो । यसले स्वदेशी व्यवसायीलाई निराश बनाएको छ । “बढी भएको बिजुली भारतलाई बेच्ने भनिन्छ, तर भारतमा उद्योगलाई भारु ४ रुपियाँमा बिजुली उपलब्ध गराइएको छ, नेपालको १० रुपियाँ पर्ने बिजुली भारतले कसरी किन्ला” –उनले प्रश्न गरे । त्यस कारण जबसम्म नेपाली उद्योगलाई ५ रुपियाँ प्रतियुनिट बिजुली उपलब्ध हुँदैन, तबसम्म स्वदेशी उत्पादन सस्तो नहुने उनको जोड छ । “सरकारले बिजुली शुल्क महँगो लिन्छ, यसले उत्पादन–मूल्य बढाउँछ । स्वदेशी उत्पादनको बजार मूल्य उच्च मूल्य भएपछि कसरी निर्यात गर्न सकिन्छ ?” तसर्थ सस्तो दाममा बिजुली उपलब्ध गराउन सके नेपाली व्यवसाय उकासिने उनको सुझाव छ ।

कोभिडले वीरगंज मात्र होइन, समग्र देशको होटल तथा पर्यटन व्यवसायको अर्बौं लगानी डुब्ने अवस्थामा पुऱ्याएको व्यवसायीहरूको भनाइ छ । त्यसैले नेपाल–भारत सीमा पहिलेको अवस्थामा सहजरूपमा खोल्न व्यवसायीहरूले आग्रह गरेका छन् ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष हरि पन्त कोभिडले सबैभन्दा बढी पर्यटन व्यवसाय धराशयी बनेकोले यथाशीघ्र भारतीय सीमा खोलेर पर्यटकको आवागमन बढाउन सुझाव दिएका छन् । “एउटा पर्यटक आयो भने त्यसले पाँचजनालाई रोजगार मिल्ने वातावरण बनाउँछ । पर्यटकको आवागमन बढ्दै गए कृषि उपज, यातायात व्यवसाय, होटल व्यवसाय, टुर एन्ड ट्राभेल एजेन्सीलगायतमा सकारात्मक परिवर्तन देखिनेछ, यसले अन्य आर्थिक क्षेत्रलाई पनि सक्रिय बनाइ देशकै आर्थिक गतिविधिलाई चलायमान बनाउने उनी बताउँछन् ।

कोभिडले अर्थतन्त्रमा नकारात्मक असर पारे पनि केही क्षेत्रमा सकारात्मक असर पारेको वीरगंजका अर्का उद्योगी प्रदीप केडियाले बताए । उनले लकडाउनले नेपाल–भारत सीमाबाट हुने मालसामानको तस्करीमा कमी ल्याउँदा स्वदेशी खाद्यान्न तथा कपडा उद्योगलाई फाइदा भएको बताए । उनले तस्करी नियन्त्रण भएको तथा विदेशबाट नेपालमा पठाइने विप्रेषणमा पनि भारी वृद्धि देखिएको उनको विश्लेषण छ । पहिले नेपालमा ७० प्रतिशत वैधानिक बैंकिङ च्यानलबाट र ३० प्रतिशत अवैध किसिमले पैसा भित्रिन्थ्यो भने अहिले अवैध वित्तीय कारोबार निरुत्साहित भएको छ” –उनले भने– “जसका कारण नेपाली युवा १० महीनासम्म वैदेशिक रोजगारमा नगए पनि विप्रेषण गत आवको तुलनामा चालू आवमा बढेको तथ्याङ्क सार्वजनिक भएको छ ।”

वीरगंजका उद्योगीहरूको लागि अर्को टाउको दुखाइ भनेको विभिन्न ट्रेड युनियनको राजनीति पनि रहेको उनी बताउँछन् । उद्योगीहरूले मजदूरका सबै हक–अधिकार सुनिश्चित गर्न सामाजिक सुरक्षा कोष स्थापना गरिसकेपछि मजदूर सङ्गठनको कुनै औचित्य नरहेको उनी बताउँछन् ।

एकजना उद्योगीले भने–“वीरगंज कोरिडोरमा मजदूरको दादागिरीकै कारण कैयौं उद्योग पलायन भए वा बन्द हुने स्थितिमा पुगेका छन्, यसबारे पनि सरकार तथा मजदूर सङ्गठनका अगुवाहरूले उपयुक्त विकल्प निकाल्नु अहिलेको अवश्यकता हो ।

## ७० जनामा मोतीबिन्दु

प्रस, वीरगंज, २६ माघ/

पटेर्वासुगौली गाउँपालिकाको आयोजनामा सोमवार निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

पटेर्वासुगौली गापा–२ गादी स्वास्थ्य चौकीमा आयोजित शिविरमा महिला, पुरुष गरी ११० जनाको आँखा परीक्षण गरिएको र त्यसमध्ये ७० जनामा मोतीबिन्दु फेला परेको माट्रिका आई फाउन्डेशन वीरगंजका प्रमुख महेशसिंह धामीले बताए ।

मोतीबिन्दु फेला परेकाहरूको फाउन्डेशनले निश्शुल्क शल्यक्रिया गर्ने वडाध्यक्ष विजय गैरेले बताए ।

## यही त नेपालको दुर्भाग्य हो

पाठक प्रतिक्रिया

२५ गते प्रतीकमा ओमप्रकाश खनालको लेख ‘ओलीको कदम घातक कि बन्द–हडताल ?’ पढें । लेखकले दिएको क्षतिको विवरण बिल्कुल सही छ । तर त्यसलाई कायम राख्ने कि बढाउँदै लगेर राजनीतिक दुर्घटनामा परिणत गर्ने ? बन्द–हडताल भयो भने देश र गरिखानेहरूको क्षति हुन्छ । भएन भने सरकार कानमा तेल हालेर सुत्छ । जब देशमा राजतन्त्रीय निरङ्कुशता थियो, तब यही बन्द–हडताल किन प्रिय थियो ? कुरा ठीक हो कि नेकपाका नेताहरूका अहङ्कारले यो घडी आयो । तर त्यस दुई क्षणको लागि मानौं प्रचण्ड–माधवलाई जनताले जेल चलान गरिदेओस् । के त्यसले ओलीको कदम सही हुन्छ ? ओलीले जनताको शिरमा निरङ्कुशताको तरबार झुन्डयाइदिएका छन् । त्यो तरबार जनताले नै हटाउनुपर्छ । बहिष्कार गर्नुस् प्रचण्ड–माधवलाई । गर्नुपर्ने पनि त्यही हो ।

नेपालको दुर्भाग्य नै हो, निरङ्कुशताको तरबार हटाउन पटक–पटक बन्द–हडतालमा जानुपरेको छ । त्यस्तो बेला गरिखाने र देशको क्षति कम होस् भन्ने ध्यान अवश्य राख्नुपर्छ ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# प्रतिनिधिसभा विघटन मुद्दा : ‘निर्वाचनमा जानु संवैधानिक कदम’

काठमाडौं, २६ माघ/रासस

प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा बहस जारी छ । प्रधानमन्त्री केपीशर्मा ओलीका तर्फबाट आज वरिष्ठ अधिवक्ताहरू रविनारायण खनाल, महेश नेपाल, विष्णु भट्टराईसहित ११ जनाले बहस गरेका छन् ।

वरिष्ठ अधिवक्ता खनालले सबैभन्दा ठूलो जनमतबाट चुनिएर आएको प्रधानमन्त्री भएको हुँदा प्रतिनिधिसभा विघटन गरेर निर्वाचनमा जानु संवैधानिक भएको तर्क राखे । “प्रधानमन्त्री ठूलो जनमतबाट चुनिएर आएको व्यक्ति हो, पाँच वर्षका लागि काम गर्न पठाएको सरकारले काम गर्न पाएन,” उनले भने, “जनताको जनमत अनुसार काम गर्न नपाएपछि विघटन गरेर जनतामा पुनः निर्वाचनमा जान्छु भन्नु संवैधानिक कदम हो, त्यहाँ केही पनि गलत नियत देखिँदैन ।” विश्वमा पनि त्यस्ता धेरै मुलुकमा प्रधानमन्त्रीलाई संवैधानिकरूपमैं विघटन गर्ने अधिकार भएको तर्क राखे ।

वरिष्ठ अधिवक्ता भट्टराइले संविधानको धारा ७६ (२) बाट बनेको सरकार अहिले ७६ (१) मा परिणत भएकाले सरकार अझ बलियो भएको तर्क राखे । “संवैधानिकरूपमैं यो बलियो सरकार हो,” उनले भने, “ठूलो पार्टीको हैसियतले प्रधानमन्त्री बनेको हो, संवैधानिक गतिरोध हटाउने र निकास दिने जिम्मेवारी पनि प्रधानमन्त्रीलाई नै हुन्छ ।” बहसकै क्रममा न्यायाधीश



तेजबहादुर केसीले निर्वाचनमा गएर दुई तिहाइ बहुमत आएन भने ? प्रश्न गरे । जवाफमा वरिष्ठ अधिवक्ता भट्टराईले भने, “त्यो निर्वाचनपछि आउने परिणाम हो, विघटन गरेर निर्वाचनमा जानु संवैधानिक छ ।” वरिष्ठ अधिवक्ता नेपालले नेपालको संविधानले नै स्पष्टरूपमा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्न राष्ट्रपतिलाई सिफारिश गर्न सक्ने कानूनी व्यवस्था भएको र सोही हैसियतले कार्यकारी अधिकार भएको हुँदा विघटन गरेको तर्क राखे ।

प्रधानमन्त्रीका तर्फबाट अधिवक्ताहरू ईश्वरी भट्टराई, शान्तिदेवी खनाल, चन्द्रप्रकाश रेग्मी, मुना लामिछाने, अनन्तराज लुइँटेल, लोकनाथ खरेल, मुकुन्द अधिकारी, भोजराज आचार्यले बहस गरे । अधिवक्ता लुइँटेलले पार्टीभित्रको लडाइँका कारण प्रतिनिधिसभा विघटन गर्नुपरेको विशुद्ध राजनीतिक विषय हुने भएको तर्क राख्दै संसदीय अभ्यासमा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा विघटन गर्ने अधिकार भएको धारणा राखे ।

**सुनुवाइ बुधवार हुने**

प्रतिनिधिसभा विघटनविरुद्धको रिट निवेदनमाथि सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ भइरहेको अवस्थामा प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराले मङ्गलवार अदालतमा शोक बिदा दिने जानकारी गराए । “सर्वोच्च अदालतका पूर्वन्यायाधीश इन्द्रराज पाण्डेको दुःखद निधन भएको छ, भोलि शोक बिदा हुन्छ, अब बुधवार मात्र सुनुवाइ हुन्छ,” उनले भने । प्रतिनिधिसभा विघटनविरुद्धको मुद्दामा रिट निवेदकको तर्फबाट बहस सकिएर महान्यायाधिवक्ता कार्यालय हुँदै प्रधानमन्त्रीको तर्फबाट बहस भइरहेको छ । अझै प्रधानमन्त्रीकै तर्फबाट बहस बाँकी छ ।

प्रतिनिधिसभा विघटनविरुद्धको रिट निवेदनमाथिको सुनुवाइमा यही साताभित्र सक्नुपर्ने प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले कानून व्यवसायीको ध्यानाकर्षण गराइरहेका छन् । आज वरिष्ठ अधिवक्तालाई १५ मिनेट र अधिवक्तालाई १० मिनेट समय निर्धारण गरिएको थियो । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, अनिलकुमार सिन्हा, सपना मल्ल र तेजबहादुर केसीको संवैधानिक इजलासमा सुनुवाइ भइरहेको छ । यही माघ ४ गतेदेखि संवैधानिक इजलासमा विषय केन्द्रित बहस शुरू भएको थियो ।

# बुधवारदेखि पश्चिमी वायु फेरि प्रवेश

काठमाडौं, २६/रासस

यस वर्ष हिउँदयाममा करीब पाँच महीनापछि गत शनिवार राजधानी



तस्वीरः फाइल

काठमाडौंसहित देशभर हल्का वर्षा भयो । मौसमविद्हरूले पनि मौसम पूर्वानुमान गर्दै वर्षात्पछि क्रमशः तापक्रम वृद्धि भई गर्मी बढ्ने पूर्वानुमान गरेका थिए ।

नेपालमा पश्चिमी वायु प्रवेश गरी गत बिहीवारदेखि शनिवारसम्म मौसम बदली हुनका साथै शनिवार अपराह्न हल्का वर्षा पनि भएको थियो । आइतवार बिहानैदेखि साँझसम्म पारिलो घाम लागे पनि बिहान र साँझ पख चीसो बढेको थियो । मौसमी प्रणालीमा केही परिवर्तन आउने भएकाले अझै केही दिन चीसो हुने र नयाँ मौसमी प्रणालीको विकास भई दुई दिनपछि वर्षात् हुने मौसमविद्को भनाइ छ ।

मौसमविद् सजिना शाक्यले आगामी बुधवारदेखि नेपालमा पश्चिमी वायु फेरि प्रवेश गरी वर्षा र हिमपातको सम्भावना रहेको बताए । उनका अनुसार पश्चिमी वायुको प्रभावले पश्चिमी पहाडी भूभाग तथा अन्य पहाडी भेगमा समेत बदली र हल्का वर्षाको सम्भावना रहेको छ । तीन दिनसम्म हल्का बदली र थोरै स्थानमा वर्षा हुनेछ । यो क्रम फेब्रुअरी महीनाभर जारी रहनेछ । अब बिस्तारै तापक्रम वृद्धि भई गर्मी बढ्दै जाने बताइएको छ ।

राजधानी काठमाडौंसहित देशभर दिउँसोपख घाम लागे पनि चीसो अझै रहने भएकोले सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले आग्रह गरेको छ ।

आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै महाशाखाले चीसो अझै रहने तथा तराईका भूभागमा हुस्सु र कुहिरोको अझै सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । आज
सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहनेछ । रातिको समयमा सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहनेछ ।

भोलि मङ्गलवार सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशमा आंशिक बदली रही बाँकी स्थानमा मौसम सामान्यतया सफा रहनेछ । आगामी २८ गते बुधवार देशभर आंशिकदेखि सामान्य बदली रही पहाडी भूभागका थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । उच्च पहाडी तथा हिमाली भूभागमा हल्का हिमपातको सम्भावना रहेको छ ।

महाशाखाको पछिल्लो विवरण अनुसार आज सबैभन्दा कम तापमान जुम्लामा माइनस दुई दशमलव सात डिग्री सेल्सियस रहेको छ ।

# चार खर्ब ९५ अर्ब विप्रेषण भित्रियो

काठमाडौं, २६ माघ/रासस

चालू आर्थिक वर्षको ६ महीनामा झन्डै रु पाँच खर्ब बराबरको विप्रेषण



तस्वीरः सौजन्य

भित्रिएको छ । केन्द्रीय बैंकका अनुसार सो अवधिमा कुल रु चार खर्ब ९५ अर्ब ३१ करोड बराबरको विप्रेषण मुलुकभित्र भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमवार सार्वजनिक गरेको चालू आवको आर्थिक विवरण अनुसार सो अवधिमा विप्रेषण आप्रवाह ११.१ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ६.७ प्रतिशतले वृद्धि भई चार अर्ब १९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ०.९ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको सङ्ख्या ७७.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या १७.७ प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या समीक्षा अवधिमा ६८.९ प्रतिशतले घटेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ०.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद ट्रान्सफर ८.९ प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ४९ अर्ब ५१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ०.४ प्रतिशतले घटेको थियो । केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु २६ अर्ब ६५ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २३ करोड ५३ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब पाँच करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा चालू खाता रु ४९ अर्ब ५३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ७९ अर्ब ६५ करोडले घाटामा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ६९ करोड ९४ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा ४२ करोड २७ लाखले घाटामा रहेको छ । यस्तै, पूँजीगत ट्रान्सफर ८.१ प्रतिशतले कमी आई रु ६ अर्ब ८५ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ३७.२ प्रतिशतले कमी आई रु सात अर्ब ६६ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु सात अर्ब ४६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु १२ अर्ब २० करोड रहेको थियो ।

# दोस्रो चरणको खोप अभियान शुरू

काठमाडौं, २६ माघ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ विरुद्धको ‘कोभिशिल्ड’ खोप दोस्रो चरणको अभियान सोमवारदेखि



तस्वीरः प्रतीक

सञ्चालन गरेको छ ।

पहिलो चरण यही माघ २४ गते सकाएपछि मन्त्रालयले आजदेखि दोस्रो चरणको खोप शुरू गरेको हो । दोस्रो चरणको खोप पत्रकार, कूटनीतिक नियोगका पदाधिकारी र कर्मचारी तथा अग्रपङ्क्तिमा काम गर्ने सरकारी कर्मचारीलाई प्रदान गर्ने कोभिड-१९ खोप सल्लाहकार समितिका संयोजक डा श्यामराज उप्रेतीले जानकारी दिए ।

भारत सरकारले अनुदानमा उपलब्ध गराएको उक्त खोप पहिलो चरणमा प्राथमिकतामा परेका व्यक्तिलाई लगाएपछि बचेको खोप नेपालस्थित कूटनीतिक नियोगका कर्मचारी, जिल्ला प्रशासन कार्यालय, मालपोल कार्यालय, नापी कार्यालय, स्थानीय तह, बैंकका कर्मचारी र पत्रकारलाई प्रदान गरिन थालेको हो ।

पहिलो चरणमा चार लाख ३० हजारजनालाई खोप लगाउने भने तापनि लक्ष्यभन्दा कमले खोप लगाएका थिए । पहिलो चरणको खोप एक लाख ८४ हजार ८५७ जनालाई लगाइएको थियो । उनका अनुसार पत्रकार र कूटनीतिक नियोगका कर्मचारीलाई आजैदेखि र अन्यलाई दुई/तीन दिनपछि लगाइनेछ ।

(बाँकी चौथो पातामा)

# कुर्था–जयनगर रेल सञ्चालनका लागि प्राविधिक तयारी पूरा

काठमाडौं, २६ माघ/रासस

सरकारले कुर्था-जयनगर रेल सञ्चालनका लागि प्राविधिक तयारी पूरा गरेको छ । औपचारिकरूपमा उद्घाटन गर्नासाथ रेल नियमित सञ्चालनको तयारी पूरा भएको नेपाल रेलवे कम्पनी लिमिटेडले जनाएको छ ।

भारतीय कोनकोन कम्पनीबाट केही समयमैं संरचना जिम्मा लिइने कम्पनीले जनाएको छ । भारत सरकारले नेपाल सरकारलाई केही समयपछि औपचारिकरूपमा संरचना हस्तान्तरण गर्ने भएपनि अहिले सञ्चालनका लागि जिम्मेवारी लिन लागिएको कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए । कम्पनीसँगको समन्वयमा प्राविधिक कर्मचारी २६ जना ल्याउन लागिएको छ । उनले भने, “त्यसमा रेल चालक, स्टेशन मास्टर, पावर म्यानेजर, सिनियर ट्राफिक म्यानेजरलगायत रहनेछन् ।”

कम्पनीसँग खरीद गर्ने सामग्री र जनशक्तिका विषयमा कुराकानी भइसकेको छ । उताबाट टोलीले स्थलगत भ्रमणसमेत गरेको थियो । उनले भने, “यताबाट पत्र दिनासाथ उताको टोली तयारी अवस्थामा छ ।”

नेपाली कर्मचारी र अरू प्राविधिक तयारी अवस्थामा रहेको महानिर्देशक भट्टराईले बताए । रेल र कम्पनीका सामग्री सुरक्षाका लागि सशस्त्र प्रहरी बस्ने तयारी छ । उनले भने, “प्रशासनसँग कुराकानी भइसकेको छ ।”

रेल नियमित सञ्चालनका लागि नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरूपमा उद्घाटन गर्ने गरी छलफल भइरहेको कम्पनीले जनाएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुने कुरा नेपालस्थित भारतीय दूतावासले बताएको छ । उनी भौतिकरूपमा वा भर्चुअल उपस्थित हुने





तस्वीरः फाइल

भन्ने टुङ्गो नभएको भट्टराईले बताए । उनले भने, “दुवै देशका प्रधानमन्त्रीको समय मिलेपछि मात्रै उद्घाटनको मिति तय हुनेछ ।”

भाडादर र टिकटका विषयमा यसअघि नै टुङ्गो लागिसकेको महाप्रबन्धक भट्टराईले बताए । कम्प्युटर खरीद सकेर उता लगेर राख्न तयारी अवस्थामा छ । भाडादरका विषयमा कम्पनीले मन्त्रालयमा प्रस्ताव गरिसकेको छ । बसलगायतका अरू सवारीसाधनको भाडादरमा चलाउन तयारी गरिएको उनले बताए । सामान्य सिटमा ३५ किमी रेलमार्ग यात्रा गर्न रु ७५ भाडादर तोकिएको छ । उनले भने, “डिलक्सको भाडा सामान्यभन्दा चार/पाँच गुणा बढी हुनेछ ।”

सेवा शुरू गर्न आजको मन्त्रिपरिषद्को बैठकले सहज बनाइदिने अपेक्षा गरिएको छ । कम्पनीले अहिले नेपाली कामदारलाई एक साताको तालीम दिइने महाप्रबन्धक भट्टराईले बताए । उनका अनुसार रेलको महत्त्व बुझाएर कुन कुन सामग्रीको सुरक्षा आवश्यक छ भनी बुझाउनुपर्छ । अहिले कामदार छनोटमा पहिले काम गरेकालाई प्राथमिकता दिइएको छ । तत्काल काम शुरू गर्न ती व्यक्तिलाई तयारी अवस्थामा राखिएको उनले बताए । उनले भने, “अबको दुईदेखि तीन हप्ताभित्र नियमित सञ्चालनको काम सकिन्छ ।”

रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ । अहिले पनि सवारीसाधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ । उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना सरकारले लिएको छ ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन ल्याइएको थियो । सो रेलमा एक हजार २०० देखि एक हजार ३०० जनासम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ । यात्रुवाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ ।

नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगंज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो । लामो समय अवरुद्ध उक्त रेलसेवा वर्तमान सरकारको ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकाङ्क्षासँगै अघि बढेको हो । अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो । कुल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ । कुर्थदेखि बिजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । बिजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ ।

# समता स्कूलका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, २६ माघ/

बन्दी सुधारगृह (कारागार) वीरगंजमा रहेको समता स्कूलमा सामुदायिक सेवा केन्द्र कुम्हालटोलले शैक्षिक सामग्री र खाजा वितरण गरेको छ। समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत केन्द्रले समता स्कूलमा अध्ययनरत बालबालिकालाई शैक्षिक सामग्री र खाजा वितरण गरेको सामुदायिक सेवा केन्द्र कुम्हालटोलका अध्यक्ष रमेश चौधरीले बताए।

कार्यक्रमका प्रमुख अतिथि वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक राजेशराज पुरीलगायतले विद्यालयमा अध्ययनरत ८५ जना बालबालिकालाई सो सामग्री वितरण गरेका थिए।

कार्यक्रममा समता स्कूलकी प्रधानाध्यापिका अनामिका मिश्र, मुनलाइट बोर्डिङका श्याम केसी, राउन्ड टेबल वीरगंजका सुमित चौधरी, हिमांशु चौधरीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सामुदायिक सेवा केन्द्र कुम्हालटोलका सचिव श्रवण रायमाझीले गरेका थिए।


तस्वीरः प्रतीक

# कलवार समाजद्वारा गरीबलाई सिरक वितरण

प्रस, वीरगंज, २६ माघ/

कलवार समाज वीरगंजले सोमवार वीरगंज महानगरपालिका–१० घडीअर्वाका गरीबलाई सिरक वितरण गरेको छ।

चीसो बढेसँगै समाजले योसमेत तीनपटक कार्यक्रम आयोजना गरी करीब पाँच सयजना गरीबलाई सिरक वितरण गरेको समाजका पूर्वअध्यक्ष भोला कलवारले बताए।

नगर सभागृहमा सोमवार १५० जनालाई सिरक वितरण गरिएको उनले बताए। यसअघि पनि सोही स्थानमा कार्यक्रम गरी वीरगंज महानगरपालिकाका विभिन्न वडाका साढे तीन सयभन्दा बढी गरीबलाई सिरक वितरण गरिएको कलवारले जानकारी गराए।

समाजका पूर्वअध्यक्ष शिवजीप्रसाद कलवारको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामनगिना साह कानु, बाबुराम कौशिक, विश्वामित्र कलवार, सञ्जय कलवार, जीतेन्द्र कलवारलगायतको सहभागिता थियो।


कार्यक्रममा गरीबलाई सिरक वितरण गर्दै। तस्वीरः प्रतीक

## बारा जिल्लामा एकजना महिलाको हत्या

प्रस, वीरगंज, २६ माघ/

बारा जिल्लाको महागढीमाई नगरपालिका–१ निवासी ४८ वर्षीय कान्तिदेवी कुशवाहाको आइतवार राति घरमै हत्या भएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता गौतम मिश्रले धारिलो हतियार प्रयोग गरेर कान्तिदेवीको हत्या गरिएको बताएका छन्। कान्तिदेवीका पति राति घरमा खाना खाएर बाहिर निस्केको र घर आउँदा पत्नी रक्ताम्य मृतावस्थामा फेला परेको पतिले दिएको प्रारम्भिक बयानबाट बुझिएको प्रवक्ता मिश्रले बताए। उनले घरमा कान्तिदेवी र उनका पति मात्र बस्ने गरेको बताए। उनीहरूको तीनजना छोरा र एकजना छोरी अध्ययनका लागि जिल्लाबाहिर बसेको प्रवक्ता मिश्रले बताए।

घटना अहिलेसम्म अज्ञात व्यक्तिबाट गरिएको पाइएको र थप अनुसन्धानका लागि जनकपुरस्थित प्रादेशिक प्रहरी कार्यालयबाट तालीमप्राप्त कुकुर झिकाइ अनुसन्धान कार्य शुरू भइसकेको प्रनाउ मिश्रले बताए।

## कुचो गोदाममा आगलागी, लाखौंको क्षति

प्रस, सिम्रौनगढ, २६ माघ/

सीमावर्ती भारतको घोडासहनस्थित जगदम्बा टोलको एउटा कुचो गोदाममा आगो लागेर लाखौंको क्षति भएको छ। स्थानीय पुण्यदेव साह बनियाँको कुचो गोदाममा विद्युत् सर्ट भएर आगलागी भएको थियो।

मोतीहारीबाट तीनवटा दमकल आएर आगो नियन्त्रणमा लिएको थियो। आगलागीबाट गोदाममा रहेको दुई ट्रकबराबरको कुचो जलेको बताइएको छ।

यसैगरी, गोदामसँगै बनियाँको घर पनि भएकोले आगलागीबाट घरमा पनि क्षति पुगेको र घरायसी सामान जलेर नष्ट भएको बताइएको छ।

## कुचो गोदाममा आगलागी, लाखौंको क्षति

प्रस, सिम्रौनगढ, २६ माघ/

सीमावर्ती भारतको घोडासहनस्थित जगदम्बा टोलको एउटा कुचो गोदाममा आगो लागेर लाखौंको क्षति भएको छ। स्थानीय पुण्यदेव साह बनियाँको कुचो गोदाममा विद्युत् सर्ट भएर आगलागी भएको थियो।

मोतीहारीबाट तीनवटा दमकल आएर आगो नियन्त्रणमा लिएको थियो। आगलागीबाट गोदाममा रहेको दुई ट्रकबराबरको कुचो जलेको बताइएको छ।

यसैगरी, गोदामसँगै बनियाँको घर पनि भएकोले आगलागीबाट घरमा पनि क्षति पुगेको र घरायसी सामान जलेर नष्ट भएको बताइएको छ।

### दोस्रो चरणको खोप....

आगामी पत्रकार र कूटनीतिक नियोगका कर्मचारीलाई शुक्रवारसम्म खोप लगाइनेछ। "पत्रकार र कूटनीतिक नियोगका कर्मचारीबाहेक अग्रपङ्क्तिमा काम गर्ने कर्मचारीको विवरण सङ्कलन भइरहेको छ," उनले भने, "दुई/तीन दिनपछि उनीहरूलाई पनि खोप लगाइनेछ।" अग्रपङ्क्तिमा काम गर्ने कर्मचारीको विवरण सङ्कलन भइरहेको छ। उनका अनुसार यस चरणमा करीब तीन लाखजनालाई खोप लगाइनेछ।

पहिलो चरणमा स्वास्थ्यकर्मी, एम्बुलेन्स तथा शववाहन सवारीसाधनका चालक, फोहरमैला व्यवस्थापनमा खटिने फोहर सङ्कलक तथा चालक, खोपकेन्द्रमा खटिने सुरक्षाकर्मी तथा स्वयंसेवक, शव व्यवस्थापनमा खटिने व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका, अन्तर्राष्ट्रिय प्रवेशबिन्दुमा कार्यरत स्वास्थ्यकर्मी र अन्य कर्मचारी, वृद्धाश्रममा रहेका व्यक्ति तथा हेरचाहमा खटिने कर्मचारी तथा कारागारमा रहेका कैदी र सुरक्षाकर्मीलाई लगाइएको थियो।

पत्रकारलाई निजामती कर्मचारी अस्पताल, नयाँ बानेश्वरबाट र कूटनीतिक नियोकलाई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबाट खोप दिन थालिएको छ। दोस्रो चरणको खोप पनि १० दिनभित्र सक्ने तयारी गरिएको छ। पत्रकारले खोप लगाउनका लागि आफ्नो परिचयपत्र खुल्ने गरी र सूचना विभागको पत्र लिएर जानुपर्ने हुन्छ।

## मदिरासहित तीनजना महिला पक्राउ

प्रस, सिम्रौनगढ, २६ माघ/

सिमावर्ती भारतको जितना थानाले तीनजना महिलालाई मदिरासहित पक्राउ गरेको समाचार छ।

घास काट्ने बहानामा घासमा लुकाएर ११० लिटर नेपाली मदिरा भारत लगेका ती महिलालाई एसएसबिले पक्राउ गरेको हो।


भारतको बिहारमा मदिरा प्रतिबन्ध छ। पक्राउ परेका तीनजना महिलाहरु जितना गाउँ निवासी रहेको स्थानीयले बताएका छन्।


पर्साको पटेर्वासुगौली प्रथम गोल्डकपको सेमिफाइनल हेर्न लागेको भीड। तस्वीरः प्रतीक

## फरक समाचार

# हामी कहिले खान्छौं ?

सूर्यास्तपूर्व भोजनको मान्यतामाथि अमेरिकी शोधकर्ताले मोहर लगाएका छन्। यदि तपाईं ६ बजेपछि भोजन गर्नुहुन्छ भने यसबाट मोटोपन र टाइप २ मधुमेहको खतरा हुन सक्छ। स्वस्थ रहन 'हामी के खान्छौं ?'को साथै यो पनि मुख्य छ– 'हामी कहिले खान्छौं ?'



शोधकर्ताको भनाइ छ, शरीरले आफ्नो आन्तरिक घडी अनुसार प्रतिक्रिया दिन्छ। राति पाचनतन्त्रले कम न्याल बनाउँछ, पेटले पाचक रसको उत्पादन कम गर्छ, भोजनलाई अगाडि बढाउने आन्द्रा खुम्चिन्छ र हामी हार्मोन इन्सुलिनप्रति कम संवेदनशील हुन्छौं। शरीरको आन्तरिक घडीमाथि शोध गर्ने क्यालिफोर्नियाको साक इन्स्टिच्युटका प्रा. सैचिन पाण्डाका अनुसार शरीरले आन्तरिक घडीको पालन गर्छ।

यो कुरा पुष्टि गर्न मुसाको दुई समूहलाई समान क्यालोरी भएको भोजन दिइयो। पहिलो समूहको भोजनसम्म पहुँच २४ घण्टाको थियो, अर्को समूहलाई दिनको ८ घण्टा पहिले नै भोजन दिइन्थ्यो। केही समयपछि पहिलो समूहको वजन बढ्यो र उच्च कोलेस्ट्रोल र टाइप २ मधुमेहजस्ता लक्षण देखियो। जुन समूहलाई तय समयमा भोजन दिइएको थियो, त्यो स्वस्थ थियो। महत्त्वपूर्ण कुरा के पनि देखियो भने अर्को समूहमा टाइप २ मधुमेहसँग लड्ने क्षमता विकसित भएको थियो।


अमेरिकन हार्ट एशोसिएशनको शोधमा बताइएको छ, जो व्यक्ति सुत्नुभन्दा एक घण्टा पहिले भोजन गर्दथे, उनीहरूको रगतमा चिनीको शर्करा सही ढङ्गले नियन्त्रित थिएन। जबकि सही समयमा भोजन गर्नेहरूले सही ढङ्गले नियन्त्रित गरेका थिए। प्रा पाण्डा भन्छन्– "समयबद्ध भोजन स्वास्थ्यको लागि राम्रो हो किनभने यसबाट आन्द्राले आफ्नो मरम्मत गर्ने मौका पाउँछ।"

पाचन प्रक्रियाको क्रममा आन्द्राको १० मध्ये एउटा कोशिका क्षतिग्रस्त हुन्छ। अबेर राति भोजन र बिहान चाँडै खाजा खानाले आन्द्राले मरम्मत र सुधार गर्ने समय कम पाउँछ। यसैले भोजनको समय तय गर्नुपर्छ र त्यसको पालना गर्नुपर्छ किनकि कुबेलामा भोजन गर्नाले पाचक क्रियामा गडबडी हुन्छ।

# कपाल झर्ने समस्या छ ?

बदलिंदो जीवनशैली, कुपोषण, समयमा खाना नखानु र बढ्दो प्रदूषणको असर कपालको स्वास्थ्यमा पनि पर्छ। तसर्थ केही उपाय गरेर तुरुन्त कपाल झर्न रोक्न सकिन्छ।

कपाल झर्नबाट रोक्न ग्रीन टि सबैभन्दा राम्रो उपाय हो। यसको लागि ग्रीन टिको एक/दुई वटा ब्याग लिऔं र पानीमा मिलाऔं। यसलाई टाउकोमा लगाऔं। एक घण्टापछि कपाल धुनुपर्छ। ग्रीन टिमा एन्टिआक्सिडेन्ट हुन्छ, जसले कपाललाई झर्नबाट रोक्छ। यसको अलावा प्याजको रसले पनि कपाललाई फाइदा पुर्‍याउँछ। एक/दुई वटा प्याज पिसेर यसको रस टाउकोमा लगाउनुपर्छ। एक/दुई घण्टापछि कपाल धुनुपर्छ। यस्तो कार्य सातामा दुई/तीन पटक गर्नुपर्छ।



कपालको मसाजले पनि कपाल झर्नबाट रोक्छ। कपालमा ओलिभ, नरियल, कैनोलो तेलबाट मसाज गर्नुपर्छ। मसाज गर्नुभन्दा पहिले तेललाई हलुका तातो गर्नुपर्छ। नीम र घ्यूकुमारीले पनि कपाल झर्न रोक्न मदत गर्छ। यी दुवै जीवाणुरोधी हुन्छन्, जसले कपाल झर्न रोक्ने मात्र होइन, पुनः उमार्न मदत गर्छ। राम्रो खानपिन, भिटामिनले भरिपूर्ण पोषणयुक्त खानाले कपाल स्वस्थ राख्छ। अधिकांशको कपाल झर्नुको मुख्य कारण कुपोषण पनि हो। तसर्थ भिटामिन 'सी' र 'ई'को स्रोत लिनुपर्छ।

# अखबारमा कस्तो विषालु तत्त्व हुन्छ

हामीले भुजा–पकौडी, चटपटे आदि खाजाको सामान अखबारमैं खाने गर्छौं। हेर्दा यो साधारण लाग्छ तर यसले स्वास्थ्यलाई निकै नोक्सान पुर्‍याउँछ। अखबारमा खाना राख्दा वा कुनै तातो वस्तु अखबारको प्रिन्टिङमा प्रयोग भएको मसी टाँसिन्छ। यो मसीले शरीरमा निकै नोक्सान पुर्‍याउँछ। किनभने यसमा डाइ आइसोब्युटाइल फटालेट र डाइएन आइसोब्युटाइलेट जस्ता खतरनाक केमिकल हुन्छन्। यो रसायन तातो खानाको सम्पर्कमा आएपछि बायोएक्टिभ तत्त्वलाई सक्रिय गर्छ। खानामा मिसिएर विषालु तत्त्व हाम्रो पेटमा पुग्छ। अखबारको मसी कुनै कार्ड बक्समा प्रयोग हुने केमिकलभन्दा कम हुँदैन। यसले हाम्रो पाचनतन्त्रलाई खराब गर्न सक्छ। शोधकर्ताका अनुसार जब अखबारमा तातो वस्तु राखिन्छ, तब मसी पग्लिएर खानामा टाँसिन्छ। मसीमा रहेको ग्राफाइट नामक विषालु तत्त्व खाद्य पदार्थमा मिसिन्छ र शरीरमा पुगेपछि मिर्गौला र फोक्सो सम्बन्धित रोग लाग्न सक्छ।

अखबारको मसीमा खतरनाक रसायन हुन्छन्। यसले हार्मोनको सन्तुलनलाई बिगार्छ। प्रजनन क्षमता कमजोर हुन्छ र सन्तान सुख पाउन सकिंदैन। यो विषालु तत्त्वले छालामा निकै नोक्सान पुर्‍याउँछ। यसले छालाको तह काट्छ। मसीमा रहेको हार्ड केमिकलले छालालाई रुखो बनाउँछ र नमी सुकाउँछ, रातो टाटो बन्न पुग्छ। यसबाट छालाको क्यान्सरको पनि खतरा हुन्छ।



पत्रिकामा निकै मात्रामा टाक्सिन हुन्छन्। किनभने अखबारको कागज रिसाइकल गरेर बनाइन्छ। यसबाट प्रिन्टिङ प्रक्रियादेखि व्यक्तिसम्म पुग्ने क्रममा यसमा थुप्रै ब्याक्टेरिया आउँछ। यसमा खाना राख्दा यी हानिकारक कीटाणु शरीरमा जान्छन् र पेट दुख्ने, ग्यासको समस्या हुन थाल्छ। साथै व्यक्तिको शारीरिक विकास पनि रोकिन्छ। बच्चालाई यसले बढी नै नोक्सान पुर्‍याउँछ। पत्रिकामा खाना खानाले बेनजिफिनोन्स नामक हार्मोनको सन्तुलन बिग्रिन्छ। भारतीय खाद्य सुरक्षा विभागका अनुसार अखबारमा प्रयोग भएको मसी पेटमा पुग्दा मुख, घाँटी र पेटको क्यान्सर हुन सक्छ। यसमा धेरै मात्रामा हार्ड केमिकल मिसिएको हुन्छ, जुन मानव शरीरलाई पच्दैन। साथै यस्तो खाना खानाले आँखाको ज्योतिसमेत जान सक्छ। प्रिन्टिङमा प्रयोग गरिएको केमिकलमा डाइ कलरको प्रयोग गरिएको हुन्छ, यो निकै तीव्र हुन्छ। शरीरको सम्पर्कमा आएपछि आँखा र छालालाई नोक्सान पुर्‍याउन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतको हिमपहिरोमा १८ जनाको मृत्यु, २०० जना बेपत्ता

ऋषिकेश, २६ माघ/एएफपी

भारतको उत्तराखण्डमा गएको हिमपहिरोमा परेर सोमवारसम्म १८ जनाको मृत्यु भएको तथा २०० जनाभन्दा बढी बेपत्ता भएको उद्धारकर्मीहरूले बताएका छन्।


तस्वीरः एएफपी

आइतवारको हिमपहिरोका कारण तीव्र वेगको पानी र हिउँले पुलहरू, सडकहरू र दुईवटा विद्युत्गृहमा व्यापक क्षति पुगेको छ।

स्थानीयवासी ओम अग्रवालले तीव्र गतिको नदीको भेल पहाड खसेजस्तै देखिएको बताउँदै नदी वरपरको जमीनमा भूकम्प गएझैं अनुभव गरिएको बताए।

उत्तराखण्ड सरकारले सोमवारसम्म १८ जनाको शव निकालिएको जनाएको छ। मुख्यमन्त्री त्रिवेन्द्र सिंह रावतले कम्तीमा २०० मानिस हराइरहेको बताए।

बेपत्ता भएका सबैजसो व्यक्ति विद्युत्गृहमा कार्यरत मजदूर थिए। विद्युत्गृहको सुरुङमा पसेको बाढी, माटो र ढुङ्गाका कारण केही मानिस सुरुङभित्रै थुनिएको उद्धारकर्मीको भनाइ छ।

"यो घटना साँझपख भएको भए त्यति ठूलो मानवीय क्षति हुने थिएन। घटना हुँदा मजदूर र श्रमिकहरू काममा थिए," मुख्यमन्त्री रावतले भने।

आइतवार एउटा सुरुङबाट १२ जनालाई उद्धार गरिएको थियो तर २५-३५ जना दोस्रो सुरुङभित्र थुनिएको जानकारी प्राप्त भएको राज्य विपद् राहत अधिकारी पियुष राउटेलाले बताए। उनले भने, "झन्डै सुरुङभित्र करीब ८० मिटर सफा गरिएको छ। अझै १०० मिटर सफा गर्नुपर्ने अवस्था छ।"

धेरैजना उद्धारकर्मी सोमवार बिहानैदेखि खटिएका छन्। राष्ट्रिय र राज्य उद्धार टोलीहरू, सेना र प्रहरीका टोलीहरू घटनास्थलमा खटिएका छन्।

सामाजिक सञ्जालमा धेरै व्यक्तिले घटनाको प्रत्यक्ष भिडियोहरू पोस्ट गरेका छन्। साँघुरो उपत्यकाबाट तीव्र गतिमा पानी तलतिर बगेका भयानक दृश्यहरू देखिएका छन्।

विद्युत्गृहको सुरुङ (टनेल)भित्र कार्यरत एकजना २८ वर्षीय मजदूर राजेश कुमारले बाढी आउँदा आफूहरू सुरुङको ३०० मिटरभित्र रहेको बताउँदै एकाएक बाहिर निस्कन सबैलाई चेतावनी दिइएको स्मरण गरे। "हामी सबै दौडियौं तर पानी जोडले भित्र पस्न थाल्यो। यो कुनै हलिउडको चलचित्रको जस्तै दृश्य थियो। हामीलाई बाहिर निस्कन सकौंला भन्ने लागेकै थिएन," उनले भने।

भारतीय अधिकारीहरूले हिउँको ठूलो हिस्सा एकाएक नदीमा खसेपछि ठूलो बाढी आएको बताएका छन्। तर यो हिमताल विस्फोट भएर हिमपहिरोमा परिणत भएको र त्यो नदीमा खसेको पाइएको छ। विश्वव्यापी तापमान वृद्धिको प्रभावका कारण यस क्षेत्रमा हिमनदीका मुहान क्षेत्र बिस्तारै सुक्दै गएका छन् भने जलविद्युत् निर्माणले पनि हिमपहिराहरू बढी नै जान थालेको विज्ञहरूले औंल्याएका छन्।

सन् २०१३ मा आएको बाढीले ६ हजार व्यक्तिको ज्यान गएको थियो। उक्त घटनापछि उत्तराखण्डका विकास परियोजनाको समीक्षा गरिएको थियो।

वातावरणसम्बन्धी कार्य गर्ने गैसस स्वेच्छाका संस्थापक विमलेन्द्र झाले पछिल्लो घटना जलवायु परिवर्तनका साथै जथाभावी भइरहेका सडक, रेलवे र विद्युत्गृह निर्माणले झन समस्या निम्त्याएको बताए। रासस

## चीनले इजिप्ट र अरब लिगलाई कोरोनाको खोप उपलब्ध गराउने

कायरो, २६ माघ/सिन्ह्वा

चीनले अरब लिग र इजिप्टलाई पनि कोभिड-१९ को खोप उपलब्ध गराउने भएको छ। इजिप्टको राजधानी कायरोमा रहेको चिनियाँ दूतावासले सोमवार सो कुराको जानकारी गराएको समाचारमा जनाइएको छ।

चीनले हालै मात्र सो कुराको घोषणा गरेको थियो। यससम्बन्धी थप कार्य इजिप्टको सरकारले अघि बढाउने निर्णयका आधारमा हुने पनि सो दूतावासले जनाएको छ। चीनले विश्वका १० वटा विकसित देशलाई यो कोभिडको खोप उपलब्ध गराएको छ। त्यसैगरी, विश्वका करीब ३८ वटा देशलाई कोभिड-१९ को खोप खरीदका साथै अरू प्रकारका सहायता पनि उपलब्ध गराएको बताइएको छ।

चीनले कोभिड-१९ खोप ग्लोबल एक्सेस (कोभ्याक्स) कार्यक्रममा पनि सहभागिता जनाएको छ। यस सहायता कार्यक्रममार्फत पनि चीनले करीब एक करोड डोज खोप सहायता दिने बताएको पनि समाचारमा जनाइएको छ। रासस

## अमेरिकाले इरानमाथिको नाकाबन्दी नहटाउने

वाशिङ्टन, २६ माघ/सिन्ह्वा

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले इरानमाथि लगाएको नाकाबन्दी नहटाउने जानकारी दिएका छन्। एक अमेरिकी सञ्चारमाध्यमलाई दिएको अन्तर्वार्ताका क्रममा राष्ट्रपति बाइडेनले सो कुरा बताएका हुन्। इरानले युरेनियमको प्रयोगसम्बन्धी कार्य बन्द नगर्दासम्म अमेरिकाले इरानमाथि लगाएको प्रतिबन्ध नहटाउने जानकारी उनले दिएको बताइएको छ। यदि इरानमाथिको प्रतिबन्ध हटाउने हो भने यसभन्दा अगाडि नै इरान वार्ताको टेबलमा आउने र आणविकसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने गर्नुपर्छ, राष्ट्रपति बाइडेनले भने।

अमेरिकाको सिबिएस न्यूजलाई शुक्रवार दिएको अन्तर्वार्तामा उनले सो कुरामा जोड दिएको समाचारमा जनाइएको छ। इरानका विदेशमन्त्री मोहमद जभाद जारिफले गत शनिवार एक अन्तर्वार्ताका क्रममा अमेरिकाले आफूहरूमाथि अवैधानिकरूपमा नाकाबन्दी लगाएको बताएका थिए।

त्यस लगत्तै अमेरिकी राष्ट्रपति बाइडेनको यो प्रतिक्रिया आएको हो। विदेशमन्त्री जारिफले अमेरिकाले आफूहरूमाथि लगाएको प्रतिबन्दका कारण आफूहरूको धैर्यता टुटिसकेको बताएका थिए। रासस


**शीतलहरको समयमा चीसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले-**

- न्यानो कपडाको जोहो समयमैं गरौं।
- शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनुपरेमा वा धेरै समय बिताउनुपर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने ओढौं। घरभित्र राति सुत्दा शरीर र अनिवार्यरूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चीसोबाट जोगाउने कार्य गरौं।
- चीसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खानेकुरा खाने बानीको विकास गरौं।

**परोहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लौकाहा, रौतहट**


## पर्सागढीमा ट्राफिक सचेतना कार्यक्रम

प्रस, पर्सागढी, २६ माघ/

जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साको आयोजनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सवारी दुर्घटना न्यूनीकरणका लागि स्टीकर टाँस्ने अभियान सोमवार पर्सागढी नगरपालिकामा सम्पन्न भएको छ।

पर्सागढीमा यो अभियानको नगरप्रमुख लोकनारायण यादवले सवारीसाधनमा स्टीकर टाँसेर शुभारम्भ गरेका थिए। उनले सो अवसरमा दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको पालना आवश्यक हुने बताए। उनले पर्सा ट्राफिकले वीरगंज महानगरपछि अन्य पालिकामा पनि ट्राफिक नियमबारे जानकारी गराउन कार्यक्रम आयोजना गरेकोमा प्रशंसा गरे।

नगरप्रमुख यादवले ट्राफिक नियम पालनाका विषयमा जनप्रतिनिधिहरूको भूमिका महत्त्वपूर्ण हुने बताउँदै नियम उल्लङ्घन गर्ने जोकोहीको पक्षमा जनप्रतिनिधि नउभिदिन आग्रह गरे।


तस्वीरः प्रतीक

सो अवसरमा ट्राफिक नियमबारेमा जिट्राप्रका पर्साका प्रमुख प्रहरी निरीक्षक सुमन कार्कीले सहभागीहरूलाई जानकारी गराएका थिए। कार्यक्रममा इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रनि रामकाजी थापा, नेका जिल्ला सदस्य सुकमान तामाङ, युवा जागरण मञ्चका अध्यक्ष शेख सम्साद, रोट्रारी क्लबका संयोजक अभिषेक चौधरी, सञ्जय पाठक, पर्सागढी युवा स्पोर्ट्स क्लबका सचिव हरि थापालगायतको सहभागिता थियो।

कार्यक्रममा पर्सागढी युवा स्पोर्ट्स क्लबका अध्यक्ष यमबहादुर थापाले स्वागत गरेका थिए भने सहजीकरण अस्थायी ट्राफिक प्रहरी कार्यालय परवानीपुरका प्रनानि लेखनाथ पुरीले गरेका थिए।

## श्रद्धाञ्जलिसभा सम्पन्न

प्रस, पर्सागढी, २६ माघ/

नेपाली काङ्ग्रेस पर्साका महाधिवेशन प्रतिनिधि स्व उपेन्द्र सिंहको १३औं दिनको पुण्यतिथिमा श्रद्धाञ्जलिसभा सम्पन्न भएको छ।

पर्सागढी नगरपालिका-४ बर्वाटाँडीमा आयोजित श्रद्धाञ्जलिसभामा नेकाका उपसभापति विमलेन्द्र निधिले स्व सिंहको निधनले नेकाले एउटा होनहार नेता गुमाएको बताए।

नेका पर्सागढी-४ बुथ कमिटीको आयोजनामा भएको श्रद्धाञ्जलिसभामा पूर्वउपसभामुख एवं कोषाध्यक्ष चित्रलेखा यादव, पूर्वमन्त्रीहरू सुरेन्द्रप्रसाद चौधरी र गगन थापा, केन्द्रीय सदस्यहरू फर्मुला मन्सुर र अजयकुमार चौरसिया, पूर्वसभासद् अनिल रूँगटा, जिल्ला अध्यक्ष अजयकुमार द्विवेदी, नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, वडाध्यक्ष किसुनदेवप्रसाद यादवलगायतले श्रद्धाञ्जलि व्यक्त गरेका थिए।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | विजय | वृष | धनलाभ |
| मिथुन | भाग्योदय | कर्कट | बेचैनी |
| सिंह | मनोरञ्जन | कन्या | कर्मप्राप्ति |
| तुला | प्रगति | वृश्चिक | रोगभय |
| धनु | यात्रालाभ | मकर | कडाश्रम |
| कुम्भ | ज्ञानोदय | मीन | उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## नगरप्रमुखद्वारा स्मृति टावरको शिलान्यास

प्रस, रौतहट, २६ माघ/

गौर नगरपालिकाका प्रमुख अजयकुमार गुप्ताले सोमवार विपी चोकमा स्मृति टावरको शिलान्यास गरेका छन्।


तस्वीरः प्रतीक

देशका लागि शहीद भएकाहरूको सम्झनामा निर्माण हुने स्मृति टावरको कुल लागत एक करोड रुपैयाँ रहेको र यस आवमा नगरपालिकाले ४० लाख रुपैयाँ विनियोजन गरेको नगरप्रमुख गुप्ताले बताए। उनले बाँकी ६० लाख रुपैयाँ अर्को आवमा विनियोजन गरिने बताए।

उनले सदरमुकामको मुख्यद्वारमा निर्माण हुने टावरले शहीदहरूको सम्झना गराइराख्ने नगरप्रमुख गुप्ताले बताए। स्मृति टावर दुई वर्षमा निर्माण हुने पनि उनले बताए।

## मदिरासहित तीनजना महिला पक्राउ

प्रस, सिम्रौनगढ, २६ माघ/

सिमावर्ती भारतको जितना थानाले तीनजना महिलालाई मदिरासहित पक्राउ गरेको समाचार छ।

घास काट्ने बहानामा घासमा लुएकार ११० लिटर नेपाली मदिरा भार त लगेका ती महिलालाई एसएसबिले पक्राउ गरेको हो।

भारतको बिहारमा मदिरा प्रतिबन्ध छ। पक्राउ परेका तीनजना महिलाहरु जितना गाउँ निवासी रहेको स्थानीयले बताएका छन्।


**नेपाल सेरामिक इन्डस्ट्री प्रा.लि. द्वारा प्रस्तावित टाइल उत्पादन आयोजनाको**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारीसम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०७७/१०/२७**

प्रदेश नं २, बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिकामा नेपाल सेरामिक इन्डस्ट्री प्रा.लि.द्वारा निम्नबमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सेरामिक इन्डस्ट्री प्रा.लि.<br>जीतपुरसिमरा उपमहानगरपालिका-८, बारा<br>फोन नं.: ९८५१०३६४५० |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित आयोजना बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ८ को कित्ता नं. १२६, १२७, १३०, १३१, १३११, १४४४, १४४६, १४४८, १४५०, १४५२, १४५४, १४५६ को ३७८४६.१२ वर्गमिटर क्षेत्रफलमा निर्माण तथा सञ्चालन गरिनेछ। प्रस्तावित उद्योगको उद्देश्य टाइल उत्पादन गर्ने रहेको छ। प्रस्तावित उद्योगबाट वार्षिकरूपमा २,८२,६६,००० वर्गफिट Floor Tiles (१,३७,११,२९३ गोटा टायल) उत्पादन गरिनेछ। |
| **प्रभाव पर्न सक्ने नगरपालिका र वडा** | जीतपुरसिमरा उपमहानगरपालिका, वडा नं. ८ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानको उपमहानगरपालिका, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल सेरामिक इन्डस्ट्री प्रा.लि.<br>जीतपुरसिमरा उपमहानगरपालिका-८, बारा<br>फोन नं.: ९८५१०३६४५०<br>ईमेलः pew59@rediffmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | ग्रीन ग्लोब इन्टरनेशनल प्रा.लि.<br>कोटेश्वर, काठमाडौं-३२, नेपाल<br>फोन नं: ०१-५१४९१११<br>ईमेलः info.greenglobes@gmail.com |

# विद्युतीय तारबारबाट चोरको मृत्यु

## तारबार राख्ने आलम पक्राउ

प्रस, रौतहट, २६ माघ/

खेतमा जङ्गली जनावर प्रवेश नगरोस् भनेर लगाइएको करेन्ट प्रभावित तारबारमा एकजना चोरको मृत्यु भएपछि वृन्दावन नगरपालिका-९ भुसहाका मकसुद आलमलाई प्रहरीले पक्राउ गरी कर्तव्य ज्यानमा मुद्दा चलाएको छ।

माघ २१ गते बुधवार राति गुजरा नपा-७ प्रतापपुर पल्टुवा निवासी चोरी कार्यमा संलग्न २४ वर्षीय रीत महराको आलमले गहुँखेतमा लगाएको तारबार प्रभावित करेन्टबाट मृत्यु भएको थियो। महरा भुसहा निवासी ५५ वर्षीय महमद जानको घरमा चोरी गर्न गएको बेला जानका परिवारजनले हल्ला गरेपछि महरा त्यहाँबाट भागेका थिए। उनलाई टोलवासीले लखेटेको र उनी खेतको बाटो फरार हुन सफल भएका थिए। तर बिहान खेतधनी आलम विद्युतीय तारबार हटाउनका लागि गएको बेला महरा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।



तस्वीर सौजन्य: जिप्रका, रौतहट

प्रहरीले शुरूमा सनाखत नभएको र पछि सनाखत भएपछि करेन्ट लागेर मृत्यु भएका महरा विभिन्न चार चरणमा मोबाइल चोरी, सार्वजनिक अपराध, चोरी डाँका र अभद्र व्यवहारको मुद्दाका आरोपी भएको बताएको छ।

मृतक महरामाथि चारवटा मुद्दा रहेको रौतहट प्रहरीले पुष्टि गरेको छ। महराको मृत्यु करेन्ट लागेर भएको कारण विनास्वीकृति खेतमा करेन्टको तारबार राखेको कसूरमा आलमलाई पक्राउ गरिएको र अदालतबाट अनुसन्धानका लागि सात दिनको म्याद थप गरिएको जिप्रका रौतहटले बताएको छ।

# मुस्लिम समुदायको उत्थानमा जोड

प्रस, वीरगंज, २६ माघ/

मुस्लिम समुदायको हकहित एवं उत्थानका लागि वक्ताहरूले जोड दिएका छन्। राष्ट्रिय मुस्लिम आयोगद्वारा सोमवार वीरगंजमा आयोजित अन्तर्क्रिया कार्यक्रमका वक्ताहरूले अल्पसङ्ख्यक तथा पिछडिएका मुस्लिम समुदायले पाउनुपर्ने अधिकारबाट समेत वञ्चित भइरहेको बताए।





तस्वीरः प्रतीक

मुस्लिम समुदायलाई संविधानले आरक्षित समुदायमा नराखेको र स्थानीय तहले पनि यस समुदायको हकअधिकार तथा कानूनसम्मत सेवासुविधालाई कुण्ठित गरिरहेको भन्दै सहभागी वक्ताहरूले यसका निम्ति सबै पक्षले आआफ्नो ठाउँबाट चासो देखाउनुपर्ने आग्रह गरेका छन्।

'स्थानीय तहका पदाधिकारीहरूसँग मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरण' विषयक अन्तर्क्रिया कार्यक्रमका मुख्य अतिथि जिल्ला समन्वय समिति पर्साका प्रमुख नेकमहम्मद अन्सारीले केन्द्र सरकारले मुस्लिम आयोग गठन गरेर सो आयोगलाई जिल्ला समन्वय समितिमार्फत समुदायस्तरमा पठाउनु सकारात्मक कुरा भएको भन्दै पालिकाहरूले मुस्लिम समुदायका निम्ति गर्नुपर्ने दायित्वबाट पन्छिन खोजिरहेको आरोप लगाए।

कार्यक्रमका विशिष्ट अतिथि जिल्ला समन्वय समितिका उपप्रमुख ठाकुरप्रसाद न्यौपानेले जिल्ला समन्वय समितिको अधिकार सङ्कुचन गरिएकोतर्फ आयोगको ध्यानाकर्षण गराउँदै अभिभावकत्वको भूमिका निर्वाह गर्न दिएमा जिल्लाका मुस्लिमलगायत अल्पसङ्ख्यक पिछडिएका र सामाजिक सुरक्षाको दायराभित्र पर्ने समुदायको लागि सम्बन्धित पक्षलाई जवाफदेही बनाउन जिल्ला समन्वय समितिले कुनै कसर बाँकी नराख्ने बताए। सो अवसरमा प्रमुख जिल्ला अधिकारी आसमान तामाङले मुस्लिम समुदायका लागि स्थानीय सरकारको दायित्वभित्र अधिकार र दायित्व धेरै भएपनि पालिकाहरूले कार्यान्वयन नगरिरहेको भन्दै आयोगले त्यसतर्फ ध्यानाकर्षण तथा अनुगमन गर्नुपर्ने विचार व्यक्त गरे।

उद्घाटन समारोह र बन्दसत्र गरी दुई चरणमा भएको कार्यक्रममा राष्ट्रिय मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी, प्रदेशसभा सदस्य करीमा बेगम, जगरनाथपुर गाउँपालिका अध्यक्ष जालिम मियाँ, आयोगका सचिव सुनीता नेपाल, नेकपाका नेता फरमान मियाँ, शरीफ गद्दीलगायतले मन्तव्य व्यक्त गरेका थिए। जिल्ला समन्वय समिति पर्साको सभाकक्षमा भएको कार्यक्रममा जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख कार्यकारी अधिकृत र सुरक्षा निकायका प्रमुखहरूको सहभागिता थियो।





### औद्योगिक क्षेत्रमा भाडा.......

बुझाउन पटक-पटक सूचना दिंदासमेत सुनुवाइ नगरेकाले सेड खाली गराउन कारबाई गर्नुपरेको औद्योगिक क्षेत्रका पदाधिकारीहरूले बताएका छन्।

यसैगरी बितेको वर्ष पनि महालक्ष्मी खाद्य उद्योग र एसएन्ड इलेक्ट्रोनिक्सको सामान जफत गरी सेड खाली गराइएको थियो।

२९४ रोपनी अर्थात् साढे २२ बिघा क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रभित्र बैंक भवन, हुलाक, स्वास्थ्य क्लिनिक भवन, चमेनागृह, गेस्ट हाउस, विद्युत् टेलिफोनलगायत सुविधासम्पन्न स्थान निर्माण गरिएको छ। सो क्षेत्रभित्र पूर्ण सुविधासहित दशवटा घरेलु उद्योग सञ्चालन गर्न सक्ने क्षमता छ।

सो क्षेत्रमा अहिले मिलन डेरी उद्योग, महालक्ष्मी पेन्ट इन्ड्रस्ट्रिज, कोसी पोलिमर्स र उषा जल उद्योग सञ्चालनमा छन्। उक्त क्षेत्रका लागि नेपाल सरकारका तर्फबाट कार्यालय प्रमुखसहित १० जना कर्मचारीको दरबन्दी छ। भारत सरकारको सहयोगमा विसं २०४४ मा शिलान्यास भएको उक्त औद्योगिक क्षेत्र निर्माण भएपश्चात् २०५१ मा भारत सरकारले नेपाललाई हस्तान्तरण गरिसकेपछि त्यसमा नौवटा उद्योग सञ्चालनमा आएका थिए।

राजविराज औद्योगिक क्षेत्रका नामबाट २०४४ सालमा स्थापित उक्त औद्योगिक क्षेत्रलाई विकास गर्ने उद्देश्यले हृदयेश त्रिपाठी उद्योगमन्त्री भएका बेला गजेन्द्रनारायण सिंहको नामसँग जोडेर 'गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र'को नाममा नामकरण गरिएको थियो।

# खेलकूदको संसार

## पटेर्वासुगौली गोल्डकप : वीरगंज युनिटी फाइनलमा प्रवेश

प्रस, सेढवा, २६ माघ/

पटेर्वासुगौली गाउँपालिकामा समता समाज नेपालद्वारा आयोजित प्रथम पटेर्वासुगौली गोल्डकपको अन्तिम सेमिफाइनल खेलमा वीरगंज युनाइटेडलाई एक गोलअन्तरले पराजित गर्दै वीरगंज युनिटी फाइनलमा प्रवेश गरेको छ। आज भएको रोमाञ्चक खेलमा मध्याह्नअघि कसैले पनि गोल गर्न सकेको थिएन। मध्याह्नपछि र खेल समाप्तिको दश मिनेटअघि



तस्वीरः प्रतीक

वीरगंज युनिटीका विमल रानामगरले गरेको एकमात्र गोल निर्णायक साबित भयो। जीतसँगै वीरगंज युनिटी फाइनलमा प्रवेश गरेको छ। हिजो फाइनलमा पुगेको गढीमाई युथ क्लब अपौनी र वीरगंज युनिटी उपाधिको लागि माघ २८ गते बुधवार भिड्नेछन्। आजको खेलमा गोलकर्ता मगर म्यान अफ दि म्याच घोषित भए।

## राष्ट्रिय महिला लिग: सावित्राको आठ गोलको मदतमा एपिएफ विजयी

काठमाडौं, २६ माघ/रासस

राष्ट्रिय महिला लिग फूटबलको दोस्रो चरण अन्तर्गत सोमवार सम्पन्न खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लब सावित्रा भण्डारीको आठ गोलको मदतमा विजयी भएको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा एपिएफले उदयपुरको चौदण्डीगढी नगरपालिकालाई १४-० गोलअन्तरले पराजित गरेको हो। आजको खेलमा पनि एपिएफका लागि भण्डारी एक्लैले आठ गोल गर्दै उत्कृष्ट खेल प्रदर्शन गरिन्। जारी लिगमा एपिएफ क्लब हालसम्म अपराजित रहेको छ। एपिएफ सात खेलबाट २१ अङ्क जोड्दै लिगको शीर्ष स्थानमा कायमै छ। सात खेलमा सबैमा हार बेहोर्दै चौदण्डीगढी अङ्कविहीन अवस्थामा छ।

एपिएफका लागि भण्डारीले खेलको चौथो मिनेटमैं गोल गरेकी थिइन्। उनले खेलको १८औं र ३६औं मिनेटमा गोल गर्दै ह्याट्रिक गरिन्। भण्डारीले खेलको ४३औं, ५३औं, ५६औं, ७२औं र ८७औं मिनेटमा गोल गरिन्। यस्तै, एपिएफका लागि अनीता केसीले खेलको २४औं तथा ४०औं, कप्तान अनीता बस्नेतले पहिलो मध्यान्तरको इन्जुरी समय र ६४औं मिनेटमा गोल गरिन्। यस्तै, अनु लामाले ७६औं तथा रविना गोलेले खेलको ७९औं मिनेटमा गोल गरिन्। लिगको दोस्रो स्थानमा त्रिभुवन आर्मी क्लब रहेको छ। आर्मीले सात खेलमा १५ अङ्क जोडेको छ। वालिङ लिगको तेस्रो स्थानमा छ। वालिङको सात खेलमा ११ अङ्क छ। पुलिस आठ अङ्कका साथ लिगको पाँचौं स्थानमा छ।

# अवैध रकमसहित एकजना पक्राउ

प्रस, रौतहट, २६ माघ/

गौर नगरपालिका वडा नं ४ बसपार्कनजीक बाटोमा नम्बर नभएको रातो रङ्गको स्कूटर चेकजाँच गर्दा सोमवार एक्काइस लाख नब्बे हजार रुपैयाँसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ।



पक्राउ परेका दिलसाद

परोहा नगरपालिका वडा नं १ जिङ्गडवा बेलबिछुवा बस्ने शेख सुखाडीका छोरा वर्ष २७ को मोहम्मद दिलसाद आलमले स्रोत नखुलेको नेपाली रुपैयाँ एक्काइस लाख नब्बे हजार साथमा लिई गइरहेको अवस्थामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। सूचनाको आधारमा प्रहरी टोलीले रोकी खानतलाशी गर्दा पक्राउ परेको जिप्रका रौतहटले जनाएको छ।

खानतलाशी गर्दा स्रोत नखुलेको रकमको कारबाहीको लागि मो. दिलसाद आलमलाई सम्पत्ति शुद्धीकरण विभागमा आवश्यक कारबाहीको लागि पठाइएको प्रहरी उपरीक्षक सिद्धिविक्रम शाहले बताए। साथै नम्बर नखुलेको स्कूटर कारबाहीको लागि भन्सार कार्यालय गौरमा पठाइएको छ।



स्रोत नखुलेको रकम। तस्वीरः सौजन्य

## रौतहट र सर्लाहीमा धमाधम डीप बोरिङ जडान

प्रस, सर्लाही, २६ माघ/

सिंचाइको लागि सर्लाही र रौतहटका किसान डीप बोरिङतर्फ आकर्षित भएका छन्। आकाशे पानीको भर पर्नुपर्ने तथा सिंचाइ सुविधा हुन नसक्ने ठाउँमा सिंचाइ पुऱ्याउन किसानहरूले धमाधम डीप ट्युबवेल र स्यालो ट्युबवेल जडान गरिरहेका छन्।

भूमिगत जलस्रोत तथा सिंचाइ विकास कार्यालयले सर्लाही र रौतहटका सिंचाइविहीन क्षेत्रमा स्यालो ट्युबवेल र डीप ट्युबवेल जडानलाई तीव्रता दिएको छ। कार्यालयका अनुसार हालसम्म सर्लाहीमा ४६ सय हेक्टर क्षेत्रफलमा सिंचाइ पुग्ने गरी ३७ वटा डीप ट्युबवेल र १५ सयभन्दा बढी स्यालो ट्युबवेल निर्माण गरिसकिएको छ। सो कार्यालयले रौतहटमा २६ सय हेक्टर क्षेत्र सिंचाइ हुने गरी एक हजार थान स्यालो ट्युबवेल र ४१ थान डीप ट्युबवेल निर्माण भइसकेको हाइड्रोलोजिस्ट मनोज खतिवडाले जानकारी दिए।

जमीनमा पानीको लेयर निकै तल गइसकेकोले धेरै तल पुगेर पानी निकाल्नुपर्ने अवस्था रहेको उनको भनाइ छ। सामान्यतः एउटा डीप ट्युबवेल स्थापना गर्न रु सवा करोड र एक थान



स्यालो ट्युबवेल निर्माण गर्न रु एक लाखको हाराहारीमा लगानी लाग्ने गरेको कार्यालयले जनाएको छ।

यसै क्रममा सर्लाहीको लालबन्दी नगरपालिकास्थित हीरापुरमा डीप बोरिङ जडान गरिने तयारी भएको छ। वाग्मतीस्थित भूमिगत जलस्रोत तथा सिंचाइ विकास कार्यालयले लालबन्दी नगरपालिका-११, हीरापुरमा डीप बोरिङ जडान गर्न लागेको हो। रु एक करोडभन्दा बढीको लागतमा डीप बोरिङ जडान गर्न लागेको कार्यालयका हाइड्रोलोजिस्ट खतिवडाले जानकारी दिए।